नेपाल सरकार

# भूमि व्यवस्था, सहकारी तथा गरीबी निवारण मन्त्रालय

## भूमि व्यवस्थापन तथा अभिलेख विभाग

# मालपोत कार्यालय

सिन्धुपाल्चोक, चौतारा

मुद्दा/प्रशासन

प.सः २०८१/८२
च.नं.- २८०४

मितिः २०८२/०१/२०

विषयः सूचना टाँस गरी जानकारी पठाइदिने सम्बन्धमा ।

श्री जिल्ला प्रशासन कार्यालय, सिन्धुपाल्चोक ।

श्री जिल्ला समन्वय समितिको कार्यालय, सिन्धुपाल्चोक ।

श्री नापी कार्यालय, सिन्धुपाल्चोक ।

श्री चौतारा साँगाचोकगढी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, सिन्धुपाल्चोक ।

श्री चौतारा साँगाचोकगढी नगरपालिका, २ नं. वडा कार्यालय, सिन्धुपाल्चोक ।

प्रस्तुत विषयमा निवेदक **होमकुमारी थापा समेतको ज.द./दा.खा./ना.सा. कारबाही सम्बन्धी** टाँस गर्नु पर्ने हकदाबी सम्बन्धी पैंतीस दिने सार्वजनिक सूचना संलग्न छ । ताहाँको सूचना पाटीमा टाँस गरी सूचना टाँसको जानकारी पठाइदिने कार्य व्यवस्थाका लागि अनुरोध छ ।

**वोधार्थ**

श्री ...................................... राष्ट्रिय दैनिकः- लाग्ने दस्तुर सम्बन्धित व्यक्तिबाटै असुल गरी संलग्न सूचना हु-बहु त्यस पत्रिकामा प्रकासित गरी सूचना प्रकासित भएको पत्रिका दुई प्रति यस कार्यालयमा उपलब्ध गराइदिनुहुन ।

**श्री मालपोत कार्यालय सिन्धुपाल्चोकबाट जारी भएको हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना ।**

**मि.नं. ३२६/६७७०/२०८१/०५/१८**

यसमा सागाचोक गढी-२ भई हाल चौ.सा. गढी -२ बस्ने उल्लेखित निवेदकहरूः **होमकुमारी र ताराबहादुर थापा समेत २ ले** आफ्ना पति धर्मध्वज थापा र आफू ताराबहादुर थापाको नाममा नापनक्शा भई दर्ता बाँकी रहेको तपशिलका कित्ता जग्गा भएकोमा निज धर्मध्वज थापाको मिति २०७८/०१/२१ मा मृत्यु भई हकखाने हकदार एक मात्र पत्नि होमकुमारी थापा भएकाले धर्मध्वजको हिस्सा जति होमकुमारीका नाउँमा ना.सा समेत गरी हाम्रा नाउँमा संयुक्त दर्ता ना.सा. गरी पाऊँ भनी द.नं. ६७७० मिति २०८१/०२/१७ मा जग्गाको नापी नक्सा, फिल्डबुक, चौ.सा. गढी न.पा. २ नं. वडा कार्यालयको च.नं. १००४ मिति २०८१/०२/१३ को सिफारिस, च.नं. १००५ मिति २०८१/०२/१६ को नाता प्रमाणित, मृत्युदर्ता लगायतका कागजात सहित माग निवेदन पेश गरेकोले **पछि प्रमाण कागजात बुझ्दै जाँदा ठहरे बमोजिम हुने गरी** हाललाई कुनै सरकारी, सार्वजनिक, सामुदायकि, गुठी लगायत व्यक्तिगत तथा अन्य जग्गा तथा संरचनालाई पर्ने असर, अरू अन्य कोही कसैको कानुनी हक अधिकारमा पर्न जाने असर, यस अघि अरू अन्य कोही कसैले कारबाही चलाएको / नचलाएको, जग्गाको हकभोग तथा संरक्षकत्व, हदबन्दी, निवेदकहरू बाहेक अरू अन्य कोही हकदार भए नभएको साथै मृतक जग्गाधनी तथा निजहरूको क्रमैसँगका हकदारहरूको पालन पोषण काज कीरिया लगायतका सम्बन्धमा एकीन गर्न आवस्यक भएकाले राष्ट्रिय दैनिक पत्रिकामा समेत हकदाबी सम्बन्धी पैतीस दिने सार्वजनिक सूचना प्रकासित/जारी गरी सूचना प्रकासित भएको पत्रिका तथा सूचना टाँसको जानकारी प्राप्त भई दाबी परे मिसिल सामेल गरी, नपरे म्याद भुक्तान भए पछि पेश गर्नु भनी कार्यालयबाट मिति २०८२/०२/०१ मा आदेश भएकाले यो हकदाबी सम्बन्धी ।सार्वजनिक सूचना प्रकासित गरिएको छ ।

अतः निवेदकको माग निवेदन बमोजिम कारबाही गरिदिनु नहुने/नपर्ने भए वा सो गर्दा अरू अन्य कोही कसैको कानुनी हक अधिकारमा प्रतिकुल असर पर्ने भए वा यस अघि अरु अन्य कोही कसैको तपसिलको जग्गाका सम्बन्धमा कुनै कारबाही चलाएको भए वा निवेदकको माग दाबी व्यहोरा झुठा भए, जग्गाको हकभोग, स्वामित्व तथा संरक्षकत्व, हदबन्दी, समेतका सम्बन्धमा साथै दर्ता माग भएको जग्गाले कुनै सरकारी, सार्वजनिक, सामुदायिक, गुठी, व्यक्तिगत लगायत अन्य जग्गा तथा संरचनालाई प्रतिकुल असर पार्ने भए वा निवेदक बाहेक अन्य हकदार भए यो सूचना प्रकासित/जारी भएको ***पैंतीस दिन भित्र*** स-प्रमाण दाबी उजुरी गर्न आउनुहोला । अन्यथा कानून बमोजिम भई जानेछ ।

**तपसिल**

| क्षेत्र | जोताहा महल | ज.ध. | किसिम | कैफियत | अन्य व्यहोरा |
|---|---|---|---|---|---|
| बतासे वडा नं. १ कि. नं. १७०२ क्षे. फ. ५५५ ब.मि. | खाली | ताराबहादुर थापा र धर्मध्वज थापा बतासे-१ बाबुः कृष्ण बहादुर बाजेः मानबहादुर | घरबारी/सिम | घरबारी | घरबारी भनी निवेदन माग भएको |

ईती संवत २०८२ साल जेठ १ गते रोज ५ शुभम् ।